मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २३१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असार २४ गते शुक्रवार (Friday, July 8. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## चेक दिएर झुक्याउने पक्राउ

**काठमाडौं, असार २३।** नेपाल प्रहरीले उच्च अदालतबाट रु. २० लाख जरिवाना ठहर भएका एक जनालाई पक्राउ गरेको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले उच्च अदालत पाटनको वि.सं. २०७७ माघ ६ गतेको फैसला अनुसार सात दिन कैद सजाय र रु. २० लाख जरिवाना ठहर भएका उदयपुर त्रियुगा नगरपालिका घर भई हाल काठमाडौंको टोखामा बस्ने ६० वर्षीय केदार गिरीलाई सानेपाबाट पक्राउ गरेको हो।

(बाँकी अन्तिम पृष्ठमा)

# मुसुरो दाल निर्यात सन्तोषजनक

**लक्ष्मी उप्रेती**



**मेचीनगर, असार २३।** सरकारले मुसुरो दाल निर्यात प्रोत्साहन गर्न भन्दै व्यवसायीलाई निर्यात सहुलियत दिए पछि पूर्वी नाकाबाट मुसुरो दालको निर्यात चालू आर्थिक वर्ष २०७८/०७९को ११ महिनामा सन्तोषजनक पाइएको छ।

सरकारले निर्यात प्रोत्साहन स्वरुप व्यवसायीहरुलाई 'एस्सपोर्ट इन्सेटिफ' निर्यात प्रोत्साहन भन्दै ५ प्रतिशत सहुलियत दिएको मेची भन्सार कार्यालय काँकरभिट्टाले जनाएको छ।

प्लान्ट क्वारेन्टिन एवम् विषादि व्यवस्थापन केन्द्र क्वारेन्टिन कार्यालय काँकरभिट्टाको तथ्याङ्क अनुसार चालू आर्थिक वर्ष २०७८/०७९का साउनदेखि जेठ मसान्तसम्म काँकरभिट्टा नाका भएर ४१ करोड ५३ लाख ५२ हजार ५ सय रुपैयाँ मूल्य बराबरको २ हजार ८ सय ६४ मेट्रिक टन मुसुरो दाल निर्यात भएको छ।

आयातको तुलना निर्यात ३३ करोड ४० लाख ४४ हजार ५ सय रुपैयाँ वा १ हजार ८ सय ७२ मेट्रिक टनले बृद्धि भएको छ। कार्यालयका बाली संरक्षण अधिकृत देविन्द्र साहुका अनुसार त्यो अवधिमा ८ करोड १३ लाख ८ हजार रुपैयाँ मूल्य बराबरको ९ सय ९२ मेट्रिक टनले मुसुरो दाल आयात भएको छ। नेपालले अष्ट्रेलिया र भारतबाट मुसुरो दाल आयात गर्दछ भने बंगलादेश निर्यात हुने सरकारी तथ्याङ्क छ। भारतले निर्यातमा प्रतिबन्ध गरेको मुसुरो दाल बासमती चामल लगायतका कृषिजन्य वस्तु पर्याप्त मौज्दात भए पछि मात्र उसले यस्ता वस्तुको कोटा प्रणालीमा निर्यात गर्ने गरेको छ।

व्यवसायीले मुसुरो दाल निर्यात गर्दा निकासी वापत प्रतिकेजी १ रूपैयाँ निकासी दस्तुर बुझाउनुपर्छ। तर, सरकारले व्यवसायीलाई निकासी सहुलियत प्रदान गरे पनि काँकरभिट्टा नाकाबाट हुने मुसुरो दालको निर्यात व्यपार तीन वर्षसम्म खासै सन्तोषजनक थिएन। दाल निकासीमा नेपाल सरकारले कृषि भएकाले भ्याट छुट दिएको छ। तर, व्यावसायीहरुले मुसुरो दाल निर्यातका क्रममा अनिवार्य रुपमा खाद्य प्रयोगशालाको सिफारिस भए पेश गर्नुपर्ने भन्सार अधिकारीहरु बताउँछन्।

व्यवसायीले खाद्य प्रयोगशालाको सिफारिस भए पेश गरे पछि निकासी वापत प्रतिकेजी १ रूपैयाँ निकासी दस्तुर वाहेक अन्य केही रकम बुझाउनु नपर्ने प्रमुख भन्सार अधिकारीहरुको भनाइ छ।

तेस्रो मुलुकबाट आयात भएको दालमा कृषि छुटमा १० प्रतिशत महशुल बुझाउनुपर्छ। नेपालमा उत्पादित मुसुरो विशेषगरी बंगलादेश मात्रै निर्यात हुने गरेको छ। नेपालमा उत्पादित मुसुरो दालको माग बंगलादेशमा अत्यन्तै भएपनि माग अनुसार पूर्ति गर्न नसकिएको नेपाली सरकारी अधिकारीहरुको भनाइ छ।

बंगलादेश निकासी गर्दा त्यहाँ कुनै पनि प्रकारको महशुल बुझाउनु नपर्ने, निर्यात विना झञ्झट गर्न सकिने वातावरण हुँदाहुँदै नेपालले बंगलादेशको माग अनुसार मुसुरो दाल निर्यात गर्न नसकेको व्यवसायीहरुको भनाइ छ।

क्वारेन्टिन कार्यालय काँकरभिट्टाको तथ्याङ्क अनुसार गतआर्थिक वर्ष २०७७/०७८ मा काँकरभिट्टा नाका भएर २६ करोड ३० लाख ३० हजार रुपैयाँ मूल्य बराबरको १ हजार ८ सय १४ मेट्रिक टन मुसुरो दाल निर्यात भएको छ। जुन परिमाण अघिल्लो आर्थिक वर्ष

(बाँकी अन्तिम पृष्ठमा)

सांसदको प्रश्न

# मल र नागरिकता कहिले पाउने ?

**काठमाडौं, असार २३।** प्रतिनिधिसभाको विहीवारको बैठकमा सांसदहरुले मुलुकभर धमाधम रोपाइँ चालिरहेको अवस्थामा किसानले पर्याप्त मल नपाएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन्।



समयमै मलको आपूर्ति हुन नसक्दा रोपाइँका क्रममा किसानले मलको प्रयोग गर्न पाएका छैनन्। मल नपाउँदा कृषि उत्पादन घट्ने भन्दै किसानहरु चिन्तित छन्। बैठकको शून्य समयमा बोल्दै सांसदहरुले तत्काल नागरिकता विधेयक ल्याएर गैरनागरिक बनेको नेपालीलाई नागरिकता दिलाउन सरकारसँग आग्रह गरे। उनीहरुले नागरिकता विधेयक ल्याउँदा मुलुकको भौगोलिक संवेदनशीलतालाई पनि ख्याल राख्न सरकारको ध्यानाकर्षण गराए।

सांसद डा. डिला संग्रौला पन्थले देशभर रोपाइँ चलिरहेको भए पनि किसानले मल नपाएको उल्लेख गर्दै किसानले मल कहिले पाउँछन् भनी प्रश्न गरिन्। सांसद दलबहादुर रानाले तानसेन-बुटवल सडकमा प्रत्येक वर्ष ठूलो जनधनको क्षति हुने गरेको भन्दै उक्त सडक सुधार गर्न माग गरे। सांसद दिलकुमारीले जनताको छोराछोरीले अझै नागरिकता पाउन नसकेको भन्दै नागरिकता विधेयक कहिले संसद्मा पेश हुन्छ भनी प्रश्न गरिन्।

सांसद दुर्गा पौडेलले ग्रामीण क्षेत्रका सडकको दूरावस्था सुधार गर्न माग गरिन्। सांसद देवप्रसाद गुरुङले एसपीपी सम्झौता नगर्ने सरकारको निर्णयबारे परराष्ट्र मन्त्रालयले गरेको पत्राचारका बारेमा सदनलाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराए। उनले नेपाल आइपीएसको सदस्य बन्न नसक्ने भन्ने निर्णय र एमसीसी सम्झौतासँगै पारित भएको १२ बुँदे व्याख्यात्मक घोषणा स्वीकार गरे/नगरेका बारे जानकारी गराउन माग गरे।

सांसद देवप्रसाद तिमिल्सिनाले किसानलाई मलको व्यवस्था गर्न सरकारलाई निर्देशन दिन सभामुखको ध्यानाकर्षण गराए। सांसद देवेन्द्रराज कँडेलले कोरोना सङ्क्रमितले बीमा बापतको रकम नपाएको र बीमाको रकम भुक्तानी नदिने बीमा कम्पनीलाई कारबाही गर्न माग गरे। सांसद नवराज सिलवालले गैरनागरिकलाई नागरिकता दिने गरी विधेयक ल्याउन नहुने बताए। नेपाली नागरिकले नागरिकता नपाएको भए उहाँहरुलाई तत्काल नागरिकता दिनुपर्छ- उनले भने- हाम्रो छिमेकमा धेरै जनसङ्ख्या भएका मुलुक छन्, गैर नेपालीले नागरिकता नपाउनेतर्फ सरकार सचेत हुनुपर्छ।

सांसद निरुदेवी पालले किसानले मल, नागरिकले नागरिकता र विद्यार्थीले पाठ्यपुस्तक नपाएको विषयलाई तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराइन्। सांसद पद्मकुमारी अर्यालले जनसरोकारका विषय सम्बोधन गर्न सरकारले ध्यान नदिएको बताइन्। चालू आवमा निर्माणाधीन विभिन्न २३१ आयोजनाको बजेट कटौती गरिएको उल्लेख गर्दै उनले ती आयोजनालाई तत्काल बजेट विनियोजन गर्न आग्रह गरिन्। सांसद पुष्पा भुसाल गौतमले महँगी नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराइन्। उनले विप्रेषणको सदुपयोग गरी मुलुकलाई आर्थिक समृद्धिमा लैजान साझा सङ्कल्प पारित गर्न आग्रह गरिन्।

सांसद पोल्देन छोपाङ गुरुङले लमजुङ-मनाङ सडकखण्ड अवरुद्ध भइरहेको भन्दै तत्काल सडक सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराए। सांसद प्रेम सुवालले नगरकोट-दुवाकोट सडक तत्काल निर्माण सम्पन्न गरी पर्यटकीय क्षेत्रमा हुने आवतजावतलाई सहज बनाउन माग गरे।

## दलित महिला सदस्य मृत फेला

**काठमाडौं, असार २३।** रावाबेँसी गाउँपालिका-३ लामीडाँडाकी दलित महिला सदस्य ३० वर्षीया मेनुजा विश्वकर्मा मृत फेला परेकी छिन्।

गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट वडाको दलित महिला सदस्यमा निर्वाचित विश्वकर्मा विहीवार बिहान मृत फेला परेकी हुन्। माइतीतर्फका हजुरबुवाको मृत्यु भएपछि मङ्गलबार माइतीघर पुगेकी उनी झुण्डिएको अवस्थामा मृत फेला परेको गाउँपालिका प्रमुख फटिककुमार श्रेष्ठले बताए। मेनुजा ७२० मत ल्याएर दलित महिला सदस्यमा दोस्रोपटक विजयी भएकी थिइन्।

स्नातक तह उत्तीर्ण गरेकी उनी गाउँ कार्यपालिका सदस्यमा

(बाँकी अन्तिम पृष्ठमा)

## वैदेशिक रोजगारीको प्रलोभनमा लाखौं ठगी

**काठमाडौं, असार २३।** वैदेशिक रोजगारीको प्रलोभन देखाइ विभिन्न व्यक्तिसँग लाखौं रकम ठग्ने एक जनालाई जिल्ला प्रहरी कार्यालय पर्साले रु. ७५ हजारसहित पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पर्साको छिपहरमाई गाउँपालिका-३ घर भई हाल वीरगञ्ज महानगरपालिका-१६ मा डेरा गरी बस्ने ३४ वर्षीय नवलकिशोर साह कानु रहेको प्रहरीले जनाएको छ। कानुले विभिन्न व्यक्तिसँग वैदेशिक रोजगारमा निःशुल्क टिकट र भिसामा विदेश पठाइदिन्छु भन्दै प्रलोभन देखाएर रु. २५ हजारदेखि रु. दुई लाखसम्म रकम ठगेको उजुरीका आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले कानुको डेराबाट नेपाली रु. तीन लाख र भारतीय रुपैयाँ एक लाख ४८ हजार नगद तथा आइएमईका कागजातसहित नियन्त्रणमा लिई ठगी सम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट पाँच दिन म्याद थपेर अनुसन्धान अगाडि बढाएको प्रहरीले जनाएको छ। कानुले रकम हात पार्न

(बाँकी अन्तिम पृष्ठमा)

## सरकारी जग्गा व्यक्तिका नाममा भोगचलन गरेपछि...

**काठमाडौं, असार २३।** सार्वजनिक जग्गा व्यक्तिले भोगचलन गरेको पाइएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जग्गाधनी र मालपोत तथा नापी कार्यालयका अधिकारीलाई छानबिनका लागि बोलाएको छ।

आयोगले विहीवार एक सूचनामार्फत धनुषाको जनकपुर पिडारीचोकको आठ बिगाहभन्दा बढी सरकारी तथा सार्वजनिक जग्गा भोगचलन गरेको भन्दै दिवविक्रम शाहलगायतलाई सात दिनभित्र आयोगमा सम्पर्क राख्न निर्देशन दिएको छ। आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले सार्वजनिक तथा सरकारी जग्गा भोगचलन गरेको भन्ने उजुरीका आधारमा छानबिनका

(बाँकी अन्तिम पृष्ठमा)

## डेंगु संक्रमणबाट मृत्यु

**संखुवासभा, असार २३।** डेंगुको संक्रमणबाट संखुवासभाको चैनपुर नगरपालिका-५की सीतादेवी न्यौपानेको मृत्यु भएको छ।

जिल्ला अस्पताल संखुवासभामा उपचारका क्रममा ५६ वर्षीया न्यौपानेको बिहीबार मृत्यु भएको डा. पंकज गुप्ताले जानकारी दिए। प्राथमिक स्वास्थ्य केन्द्र चैनपुरमा उपचार हुन नसकेपछि उनलाई

(बाँकी अन्तिम पृष्ठमा)

## बालक हराएको सूचना



बिर्तामोड-७ बस्ने गंगा शिवाकोटीको नाति वर्ष १५ को **प्रनिश शिवाकोटी** विहीवार असार २३ गते बिहान ७ देखि ९ बजेसम्म बिर्तामोड-७को कञ्चन बोर्डिङ स्कूल (कक्षा ८ मा अध्ययन गर्ने)मा कोचिङ पढेर घर फर्कने क्रममा घर नपुगी बाटैबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मोवाइल नम्बर ९८०४९५५६५७ मा सम्पर्क गरिदिनुहुन सबैमा बिनम्र अनुरोध छ।

**हुलिया**

- गहुँ गोरो
- स्कूलको हाउस ड्रेस (हरियो टीसर्ट) पहेलो बोर्डर भएको, नीलो ट्राउजर र कालो जुत्ता) लगाएको
- लेडिज साइकल लिएर हिंडेको तर बुट्टाबारी चौकमा दिउँसो ३ बजे साइकल मात्र फेला परेको
- उचाई ५ फिट

**मोवाइल नम्बर: ९८०४९५५६५७**

## हाडजोर्नी तथा नशा रोगको सफल उपचार

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**

**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***

# झापाको पाँच विद्यालयमा 'एनसीसी'

**अमित खम्बू**



**अर्जुनधारा, असार २३।** नेपाल सरकारको कार्यक्रम अन्तर्गत रक्षा र शिक्षा मन्त्रालयको समन्वयमा नेपाली सेनाले सञ्चालनको जिम्मेवारी पाएको राष्ट्रिय सेवा दल (एनसीसी) कार्यक्रमको लागि चालू आर्थिक वर्ष ०७८/०७९मा झापाका पाँच वटा विद्यालय छनौट भएका छन्।

एनसीसी कार्यक्रमका प्रशिक्षक जनक शिवाकोटीका अनुसार कार्यक्रमका लागि छनौट भएका पाँच वटा विद्यालयमा स्वस्तिका शिशु सदन अङग्रेजी माध्यमिक विद्यालय (अर्जुनधारा), इष्ट होराइजन इङ्लिस बोर्डिङ स्कूल (मेचीनगर), मेची जनसाधारण माध्यमिक विद्यालय (मेचीनगर), झापा मोडेल इङ्लिस सेकेण्डरी बोर्डिङ स्कूल( दमक) र वीरेन्द्र माध्यमिक विद्यालय (भद्रपुर) रहेका छन्।

छनौट भएको पाँच वटा विद्यालयमध्ये उक्त कार्यक्रम अन्तर्गत इष्ट होराइजनमा सिनियर डिभिजन र बाँकी चार वटा विद्यालयमा जुनियर डिभिजन तालिम सञ्चालन हुने बताइएको छ। आगामी साउन १ गतेदेखि शुरु हुने जुनियर र भदौदेखि शुरु हुने सिनियर डिभिजन तालिमका लागि छनौट भएका विद्यालयबाट १८ जना पुरुष र १८ जना महिला गरी जनही ३६ जना विद्यार्थी छनौट हुने छन्। जम्मा एक सय दिनको तालिम अर्न्तगत ७९ दिन संस्थागत तालिम (छनौट भएको विद्यालयमा) र २१ दिन मोरङको याङसिलास्थित पूर्वी तालिम शिक्षालयको सामूहिक क्याम्पमा सञ्चालन हुने छ।

यसैबीच एनसीसी कार्यक्रमको लागि छनौट भएको झापाको अर्जुनधारा-८स्थित स्वस्तिका शिशु सदन अङ्ग्रेजी माध्यमिक विद्यालयमा बिहीबार कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। एनसीसीको परिचय, जिम्मेवारी, लक्ष्य र तालिम सञ्चालनको प्रक्रिया बारे अभिभावक र विद्यार्थीहरुलाई जानकारी दिने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको विद्यालयकी संस्थापक ईश्वरा श्रेष्ठले जानकारी दिइन्।

कार्यक्रममा सहजकर्ता नयाँ श्रीनाथ गण चारआलीका उपसेनानी निरञ्जन चौहानले एनसीसी कार्यक्रमको पृष्ठभूमि, तालिमको विस्तार, तालिमको महत्व र आवश्यकता, तालिमको लक्ष्य र जिम्मेवारी, तालिमको प्रकार तथा सञ्चालन प्रक्रियालगायतका विषयमा सहभागीहरुलाई

(बाँकी अन्तिम पृष्ठमा)

## राँके-रवि सडकमा कालोपत्र हुन सकेन

**पाँचथर, असार २३।** राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको राँके-रवि-बुधबारे सडकको काम लथालिङ्ग अवस्थामा छ। भारतीय निर्माण कम्पनीको लापर्बाहीका कारण राँके-रवि-बुधबारे सडकले गति लिन सकेको छैन।

पाँचथरको राँकेदेखि रवि-छ नम्बर बुधबारे हुँदै धनकुटाको भेडेटार जोड्ने १०३ किलोमिटर सडक कालोपत्र गर्न तोकिएको चारवर्षे अवधिको म्याद गुज्रेको सात महिना बितिसकेको छ। उक्त काम हालसम्म अगाडि बढ्न सकेको छैन। काम शुरु भएको पाँचवर्ष पुग्न लाग्दासम्म वित्तीय प्रगति १७ र भौतिक प्रगति १९ प्रतिशत मात्रै भएको छ।

सम्झौता सकिँदासम्म न्यूनतम् ३० प्रतिशत काम गरेकै हुनुपर्छ। मापदण्ड अनुसार काम नभएकाले म्याद थप्न सक्ने अवस्था छैन- कन्सलटेन्ट कम्पनी सिम्याटका इञ्जिनियर स्वागत महर्जनले भने। तीन करोड २६ लाख १८ हजार डलर लागत रहेको उक्त सडक कालोपत्र गर्न भारतीय निर्माण कम्पनी एप्को इन्फ्रान्टले नेपाल सरकारसँग २०७५ सालमा सम्झौता गरेको थियो। काम २०७८ मंसीरसम्म सक्नुपर्ने छ। सडक निर्माणका लागि सहयोग भारतीय एक्जिम बैंकले गरेको हो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सम्झौता लगत्तै २०७५ पुस २१ गते कालोपत्र गर्न उद्घाटन गरेका थिए। म्याद गुज्रेको सात महिना बितिसक्दासम्म कामको प्रगति १९ प्रतिशतमा सीमित छ। निर्माण कम्पनीले श्रमिकलाई नियमित पारिश्रमिक दिएको छैन।

इञ्जिनियर महर्जनका अनुसार निर्धारित समयमा काम नसकिए पहिलोपटक थप्न ३० प्रतिशत काम गरेकै हुनुपर्छ। पूर्ण एकाइको ३० प्रतिशतभन्दा कम मात्रै काम गरेकाले म्याद थप्दा दैनिक ०.१ प्रतिशतका दरले जरिवाना नेपाल सरकारलाई तिर्नुपर्छ। एप्को इन्फ्रान्टका सञ्चालक जरिवाना तिरेर म्याद थप्ने मानसिकतामा देखिएका छैनन्।

# मोरङबाट भन्सार छलेर ल्याएको २९ लाखको कपडा झापामा बरामद



**झापा, असार २३।** झापा र इलाम जिल्लाबाट हुने लत्ताकपडा तस्करी कारोबारीबीचको आन्तरिक विवादले रोकिएपछि तस्कर समूह अहिले मोरङ र सुनसरी नाका धाउन थालेका छन्।

मोरङको आमबारी, रङ्गेली र सुनसरीको भन्टावारी, लौकी, भोक्रा, घुस्की लगायतको नाकाबाट ठूलो परिमाणको लत्ताकपडा तस्करीको माध्यमबाट नेपाल भित्रिरहेको बताइन्छ। मोरङको आमबारी नाकाबाट भन्सार छलेर नेपाल भित्र्याइएको १८ पोका लत्ताकपडा सशस्त्र प्रहरीले झापाको बिर्तामोडबाट बरामद गरेसँगै सो नाकाहरूमा तस्करी धन्दा फस्टाएको पुष्टि गरेको छ।

बिना कागजात ल्याइएको १८ पोका कपडा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस शनिश्चरेबाट खटिएको टोलीले बिर्तामोड नगरपालिका-१स्थित पश्चिम बस स्टेण्ड नजिकैबाट बुधवार विहान करिब ३ बजे बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाका डीएसपी प्रेम भण्डारीले जानकारी दिए। १८ पोका कपडाको मूल्य २९ लाख ९३ हजार १ सय रुपैयाँ मूल्याङ्कन तोकेर आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय इटहरी बुझाइसकेको डीएसपी भण्डारीले बताए।

मोरङबाट गाडीमा हालेर ल्याएको सो परिमाणको लत्ताकपडा बितामोडको पश्चिम बस स्टेण्ड नजिकै भण्डारण गरी गाडी फर्किसकेको थियो। विशेष सूचनाको आधारमा सशस्त्र प्रहरीले भण्डारण गरी राखिएको स्थानको पहिचान गर्‍यो। भण्डारण गरी राखिएको स्थानबाट कपडाका पोकाहरू ठेला भ्यानमा हालेर दुर्गा भवानीको गोदामतर्फ लैजाने तयारी थियो। त्यही बेला सशस्त्र प्रहरीले कपडाका पोकाहरू बरामद गर्न सफल भएको बताइएको छ।

राष्ट्र बैङ्कले गत चैतदेखि भारतलगायत तेस्रो मुलुकबाट आयात हुने करिब ३०० वटा वस्तुको एलसीमा कडाइ गरेपछि त्यसको प्रत्यक्ष असर राजश्वमा परेको छ। एलसीमा कडाइ गरेपछि तस्कर समूहले तस्करीको माध्यमबाट लत्ताकपडा भित्र्याउँदा मेची भन्सार कार्यालय तथा भद्रपुर भन्सार कार्यालयको राजश्वमा समेत गिरावट आएको छ। लत्ताकपडा भन्सार आउन छाडे पनि पूर्वका बजारहरूमा लत्ताकपडा छ्याप्छ्याप्ती पाइन थालेपछि यस बारेमा जिल्लास्तरीय राजश्व चुहावट नियन्त्रणको बैठकमा समेत पटक-पटक कुरा उठिसकेको छ।

## ‘कबड्डी ४’ ले कति कमायो ?



गत जेठ १३ गतेभन्दा अगाडि नेपाली फिल्मको इतिहासमा सर्वाधिक कमाई गर्ने फिल्मको रेकर्ड ‘छक्का पञ्जा ३’को नाममा थियो। निर्माता तथा कलाकार दीपकराज गिरीको दाबीलाई विश्वास गर्ने हो भने यो फिल्मले घरेलु बजारमा २० करोड कमाएको थियो।

यो रेकर्ड दीपककै समूहले निर्माता रोहित अधिकारीसँग मिलेर बनाएको फिल्म ‘छ माया छपक्कै’ले समेत तोड्न सकेको थिएन। २० करोडको रेकर्ड तोड्नु तत्कालका लागि असम्भव नै मानिएको थियो।

तर, जेठ १६ गतेबाट प्रदर्शनमा आएको फिल्म ‘कबड्डी ४’ले ‘छक्का पञ्जा ३’को लाइफटाइम कलेक्सन रेकर्ड १६ दिनमै भत्कायो। अब ‘कबड्डी ४’ सर्वाधिक कमाई गर्ने पहिलो नेपाली फिल्म बनेको छ। समीक्षकबाट मिलेको आलोचनात्मक समीक्षाका बावजूद पनि लामो रेसको घोडा बनेको यो फिल्मले ५१औं दिने सफलताको मानक पनि छुने देखिएको छ। बिहीवार ४०औं दिनमा प्रदर्शन भइरहेको फिल्मलाई ५१औं दिन मनाउन अब हलमा ११ दिन टिक्नुपर्नेछ।

आधा दर्जन बढी सिंगल थिएटर र क्यूएफएक्स, वान सिनेमाज्, बिग मुभिज, रञ्जना सिनेप्लेक्स लगायतका मल्टीप्लेक्सहरुमा अझै पनि राम्रो शोजसहित फिल्म प्रदर्शन भइरहेको छ। जेठपछि ठूला नेपाली फिल्म प्रदर्शन नहुनु र रिलिज भएका नेपाली तथा विदेशी फिल्मले दर्शक रिझाउन नसक्दा हलमा टिकिराख्न ‘कबड्डी’ ४’लाई सजिलो भएको हो। अझै केही हप्ता ठूला नेपाली फिल्म नभएकाले फिल्मले ५१औं दिन मनाउने निश्चित छ। फिल्मले ४० दिनसम्म कति कमायो, त्यसको आँकडा भने सार्वजनिक भएको छैन।

‘कबड्डी’को अन्तिम सिरिज भनिएकाले पनि फिल्मको व्यापारमा ठूलो उछाल आएको हो। यसका अघिल्ला तीनवटै सिरिज बक्सअफिसमा सफल थिए। यतिबेला विदेशमा पनि ‘कबड्डी ४’ले हाउसफुल व्यापार गरिरहेको छ। रामबाबु गुरुङ निर्देशित फिल्ममा दयाहाङ राई, सौगात मल्ल, मिरुना मगर, विजय बराल, बुद्धि तामाङ लगायतको अभिनय छ। अब निर्देशक गुरुङ ‘कबड्डी’को बमकाजी चरित्र (सौगात मल्ल) माथि फिल्म ‘मास्टर बमकाजी’ बनाउँदैछन्।

### चेक ...

ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक श्यामकुमार महतोले पक्राउ परेका गिरीले आफ्नो प्रभु बैंक लिमिटेडको खातामा पर्याप्त मोज्दात रकम नहुँदा नहुँदै झुक्यानमा पारेर पैसा नभएको चेक दिएर बैंकिङ कसुर गरेकाले अदालतको आदेश अनुसार पक्राउ गरिएको जानकारी दिए। पक्राउ परेका गिरीलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौं पेश गरिएको प्रवक्ता महतोले बताए।

### सरकारी ...

लागि उनीहरुलाई बोलाइएको जानकारी दिए।

आयोगले दिवविक्रम, विभाकुमारी यादव, राजकिशोर महासेठ, बिमला देवी, बिजयकुमार मण्डल, चन्द्रकला कुमारी देवीलगायत २७ जनालाई सात दिनभित्र आयोगको अनुसन्धान महाशाखामा सम्पर्क राख्न आग्रह गरेको हो। विभिन्न कित्ताको ठूलो परिमाणको सरकारी जग्गा व्यक्तिले भोगचलन गरिरहेको भन्ने उजुरीपछि आयोगले चासो व्यक्त गरेको हो।

आयोगले मालपोत कार्यालय धनुषाका प्रमुख मालपोत अधिकृत शशीनारायणलाल दास, नापी कार्यालय धनुषाका नापी टोली प्रमुख चौमानसिंह थापा र नापी कार्यालय धनुषाका निरीक्षक सीताराम साहलाई पनि सम्पर्कका लागि बोलाएको छ।

## बेलायतका प्रधानमन्त्रीद्वारा राजीनामा

**काठमाडौं, असार २३।** संयुक्त अधिराज्य (बेलायत) का प्रधानमन्त्री बोरिस जोनसनले बिहीबार कन्जर्भेटिभ पार्टीको नेताको पदबाट राजीनामा दिएका छन्

श्रृंखलाबद्ध विवाद र आफ्नै दलको तर्फबाट मन्त्रीपरिषद्मा रहेका सदस्यहरूद्वारा राजीनामा दिएपछि जोनसनले दलको नेता र प्रधानमन्त्रीको पदबाट राजीनामाको घोषणा गरेका हुन्। जोनसनले कन्सर्भेटिभ पार्टी नेताबाट राजीनामा पेश गरेपछि बेलायती विदेश मन्त्री लिज ट्रसले बिहीबार सबैलाई शान्त र एकतावद्ध बनेर अघि बढ्न आह्वान गरेका छन्।

उनले बालीबाट ट्वीट गर्दै भने- प्रधानमन्त्रीले सही निर्णय गर्नुभएको छ। जोन्सनको नेतृत्वमा रहेको सरकारले ब्रेक्जिट, कोभिड-१९ विरूद्धको खोप विकास र वितरण तथा यूक्रेनलाई समर्थन गर्नेजस्ता धेरै उपलब्धिहरू हासिल गरेको छ। हामीलाई अहिले शान्ति र ऐक्यवद्धताको आवश्यकता छ। नयाँ नेता चयन गर्दासम्म उहाँको नेतृत्व कायम रहनेछ।

अब कन्जर्भेटिभ पार्टीमा नयाँ नेतृत्व चयनको प्रक्रिया शुरु हुनेछ। आगामी अक्टोबरमा टोरी दलको सम्मेलन हुनु अघिसम्म नयाँ प्रधानमन्त्रीको चयन भइसक्नेछ।

चरणबद्ध रूपमा मन्त्रीहरूले राजीनामा दिएपछि जोनसनलाई राजीनामाका लागि चर्को दबाब सिर्जना भएको थियो। यसअघि हिजो बुधवार उनले बेलायती संसद्को नियमित प्रश्नोत्तर सत्रमा आफूले सन् २०१९ को निर्वाचनबाट ‘व्यापक जनादेश’ पाएको र त्यो ‘जारी रहने’ बताएका थिए।



अर्थमन्त्री ऋषि सुनक र स्वास्थ्यमन्त्री साजिद जाविदको नाटकीय राजीनामापछि जोनसन सङ्कटमा परेका थिए। यसै वर्षको शुरुमा क्रिस पिन्चरलाई सहायक प्रमुख सचेतक नियुक्त गर्ने जोनसनको निर्णयका विषयमा विवाद भएपछि उनीहरूले मङ्गलवार केही मिनेटको फरकमा राजीनामा दिएका थिए। उनीहरूको राजीनामासँगै राजीनामाको लहर सुरु भएको थियो र बुधवार अन्य कतिपय मन्त्रीहरूले पनि राजीनामा दिएका थिए।

यसअघि जोनसनप्रति असन्तुष्टि जनाउँदै ५० भन्दा बढी कन्जरभेटिभ सांसदहरूले सरकारमा उनीहरूले निर्वाह गर्दै आएका भूमिकाबाट राजीनामा दिएका थिए।

यसअघि मंङ्गलवारमात्रै अर्थमन्त्री नियुक्त भएका नदिम जाहावीले पनि पदबाट राजीनामा दिँदै एक पत्र प्रकाशित गरेर प्रधानमन्त्री जोनसनले सरकारलाई अवमूल्यन गरिरहेको र उनी पदबाट हट्नुपर्ने बताएका थिए।

## चीनसँगका सबै समस्या शीघ्र समाधानमा भारतको जोड

**काठमाडौं, असार २३ (एजेन्सी)।** पूर्वीलद्दाखको वास्तविक नियन्त्रण रेखा (एलएसी)मा चीन र भारतबीच समाधान गर्न बाँकी मुद्दालाई शीघ्र अघि बढाउनुपर्नेमा भारतले जोड दिएको छ।

इण्डोनेशियाको बालीमा विहीवारदेखि शुरू भएको जी-२० का विदेशमन्त्रीको बैठकमा भाग लिने क्रममा आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग भएको भेटमा भारतका विदेशमन्त्री एस जयशङ्करले कारोना महामारीका कारण घर फर्किएका आफ्नो देशका बिद्यार्थीलाई चीन फर्काउन तथा एलएसीसम्बन्धी बाँकी मुद्दा चाँडो समाधान गर्न आह्वान गरेका हुन्।

भारतका विदेशमन्त्रीले भारतीय विद्यार्थीलाई चीन फर्काउने प्रक्रिया शीघ्र अघि बढाउन तथा सीमा क्षेत्रमा शान्ति र स्थायित्व कायम गर्ने दिशामा बाँकी रहेका कामलाई गति दिनुपर्नेमा जोड दिएका विदेश मन्त्रालयले जनाएको छ।

विदेशमन्त्री जयशङ्करले द्विपक्षीय सम्झौता र प्रोटोकलको पूर्णपालनाका साथै आफूहरूबीच अघिल्लो भेटवार्तामा भएका समझदारीको पालना महत्वपूर्ण हुने बताए।

दुवै मन्त्रीले चीन र भारतका सैनिक एवम् कूटनीतिक अधिकारीबीचको नियमित सम्पर्कलाई निरन्तरता दिनुपर्ने बताउँदै शीघ्र अर्को चरणको वरिष्ठ सैन्य अधिकारीको बैठकको प्रतीक्षामा आफूहरू रहेको जनाए। पारस्परिक सम्मान, पारस्परिक संवेदनशीलता र पारस्परिक हितमा आधारित द्विपक्षीय सम्बन्धले गति लिने भारतीय अभिमत विदेशमन्त्री जयशङ्करले दोहोर्‍याएका थिए।

दुवै देशका मन्त्रीबीच क्षेत्रीय र अन्तरराष्ट्रिय चासोका विविध विषयमा पनि विचार आदानप्रदान भएको थियो। दुई वर्षअघि गलवान उपत्यकामा भारत र चीनबीच भएको भीडन्तमा २० भारतीय सैनिकको मृत्यु भएपछि दुई देशबीचको सम्बन्ध सुमधुर बन्न सकेको छैन। यद्यपि द्विपक्षीय व्यापार निर्वाधरूपमा भइरहेको छ।

## कोरोनाका बिरामी बढे

**काठमाडौं, असार २३ (एजेन्सी)।** बितेका केही दिनयता एसियाका केही देशमा कोरोनाका बिरामी बढेको पाइएको छ।

बुधबार मध्यरातसम्म अर्थात् २४ घण्टाको समयावधीमा भारतमा १८ हजार ९३०, दक्षिण कोरियामा १८ हजार ५११, पाकिस्तानमा ८७२ जना मलेसियामा तीन हजार ५६१ जना कोरोना सङ्क्रमित थपिएका छन्।

हाल भारतमा कोरोनाका कूल सङ्क्रमितको संख्या चार करोड ३५ लाख ६६ हजार ७३९ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ। २४सै घण्टाको समयावधिमा कोरोना सङ्क्रमणमा ३५ को मृत्यु भएको छ। कोरोना शुरु भएबाट हालसम्म यस महामाहरीको कारण पाँच लाख २५ हजार ३०५ को मृत्यु भएको छ।

हाल भारतमा एक लाख १९ हजार ४५७ सक्रिय सङ्क्रमित रहेका छन्। करिब चार महिनापछि गत हप्ताबाट सक्रिय सङ्क्रमितको संख्या एक लाखभन्दा बढी भएको छ। पछिल्लो एक दिनमा १४ हजार ६५० कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड २९ लाख २१ हजार ९७७ पुगेको छ। कोरोना भाइरस निको हुने यो दर ९८.६१ प्रतिशत रहेको छ।

भारतमा सन् २०२१को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ९६ करोड ८८ लाख डोजभन्दा बढी खोप लगाइएको छ। यहाँ कोरोना सङ्क्रमण शुरु भएबाट हालसम्म ८६ करोड २० लाखभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको बताइएको छ।

### मुसुरो ...

२०७६/०७७को तुलनामा ५७ करोड ८० लाख ८ हजार रुपैयाँ वा ४ हजार ८ सय ३७ मेट्रिक टन कम हो। आर्थिक वर्ष २०७६/०७७मा ८३ करोड ३८ लाख ३८ हजार वा ६ हजार ६ सय ५१ मेट्रिक टन मुसुरो दाल निर्यात भएको थियो।

आर्थिक वर्ष २०७५/०७६मा मसुरो दालको निकासीमा केही बृद्धि भए पनि आर्थिक वर्ष २०७६/०७७मा निकासी हवात्तै घट्को कार्यालयको भनाइ छ। आर्थिक वर्ष २०७५/०७६मा नेपालले १ अर्व ४१ करोड १ लाख २० हजार रुपैयाँ मूल्य बराबरको ११ हजार ५ सय ६८ मेट्रिक टन दाल बंगलादेश निकासी गरेको सरकारी तथ्याङ्क छ। आर्थिक वर्ष २०७४/०७५मा यो नाका भएर ९५ करोड ५४ लाख ४० हजार रुपैयाँ मूल्य बराबरको १० हजार ६ सय १६ मेट्रिक टन मुसुरो दाल बंगलादेश निर्यात भएको थियो।

यता नेपालमा उत्पादित दालले नेपाली बजार धान्न नसकेका कारण अधिकांश बजार भारतबाट आयतित दालले ओगटेको नेपाली व्यवसायीहरुको भनाइ छ। मुख्यतः भारतबाट दाल आयात हुने भए पनि नेपालमा उत्पादित दाल बंगलादेश निर्यात हुने गर्छ। नेपालमा उत्पादित दाल गुणस्तरीय र स्वादिष्ट हुने भएकाले पनि बंगलादेश बढी निर्यात हुदैं आएको व्यवसायीहरुको भनाइ छ। नजिक पर्ने भएकोले बंगलादेशले सकेसम्म दाल आयात गर्न चाहेको नेपाली दाल व्यवसायीहरुको भनाइ छ। व्यवसायीहरुका अनुसार नेपालमा उत्पादित दालमध्ये २० प्रतिशतमात्रै नेपालको आन्तरिक बजारमा खपत र बाँकी सबै निर्यात हुने गरेको छ।

दाल निर्यातले नेपालको बजारलाई नकरात्मक असर पारेको भन्दै नेपाल सरकारले नेपालमा प्रयोग हुने सात प्रकारका दालको निकासीमा केही बर्षअघि परिमाणात्मक प्रतिबन्ध लगाएको थियो। नेपालमा दालको उत्पादन कम भएका बखत नेपालमा उत्पादित दाल नेपालमै खपत होस् भन्ने उद्देश्यले नेपाल सरकारले दाल निकासीमा परिणात्मक प्रतिबन्ध लगाएको नेपाली व्यवसायीको भनाइ छ।

छिमेकी मुलुकहरु बंगलादेश र श्रीलंकाले नेपालसंग दाल निर्यात खुला गरिदिन आग्रह गरे लगत्तै केहि महिनामै नेपालले नेपालको बजारलाई नकरात्मक असर नपर्ने गरी मुसुरो दाल निकासीको अनुमति दिने प्रक्रिया शुरु गरेको थियो। नेपाली व्यवसायीहरुले पनि मिलमा मुसुरोको दाल थुप्रिएको भन्दै प्रतिबन्ध खुल्ला गर्न सरकारमाथि निरन्तर दबाब दिँदै आएका थिए। छिमेकी राष्ट्र र स्वदेशी व्यवसायीको आग्रहलाई मध्यनजर गर्दै सरकारले प्रतिबन्ध खुला गरेको बताइएको छ।

### डेंगु ...

थप उपचारका लागि जिल्ला अस्पताल ल्याइएको थियो। खाँदबारी ल्याइएपछि परीक्षण गर्दा उनलाई डेंगु पुष्टि भएको थियो। उच्च ज्वरो, रुघाखोकी समेतको लक्षण देखिएको उनको उपचारमा ढिलाइ हुँदा ज्यान गएको अस्पतालले जनाएको छ। डेंगुसँगै उनलाई निमोनिया पनि देखिएको थियो।

असारमा मात्रै १७ जना डेंगु संक्रमित भेटिएका छन्। यो रोग लामखुट्टेको टोकाइबाट सर्ने भएकाले सचेत हुन अस्पतालले आग्रह गरेको छ।

### दलित ...

पनि विजयी भएकी थिइन्। नेपाली कांग्रेस लामीडाँडाका वडा सभापतिसमेत रहेकी मेनुजाका दुई छोरी छन्। उनका श्रीमान् भूपेन्द्र वैदेशिक रोजगारीका सिलसिलामा दुबई रहेको पारिवारिक स्रोतले जनाएको छ। मृतकको शव परीक्षणका लागि जिल्ला अस्पताल ल्याइएको प्रहरीले जनाएको छ। घटनाका विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक उमेश लम्सालले बताए।

यस्तै दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खामीका ४३ वर्षीय रुद्रशेर राई घरपछाडि रहेको आँपको रुखमा झुण्डिएको अवस्थामा मृत फेला परेका जनाइएको छ।

### झापाको ...

सहजीकरण गरेका थिए।

तालिमले विद्यार्थीहरुमा नेतृत्व क्षमताको विकास, अनुशासित, राष्ट्रिय एकताको भावना विकास, वफादारिता र इमान्दारिता र स्वयम्सेवक दस्ताका रुपमा आफूलाई विकास गर्ने हुँदा कार्यक्रम फलदायी हुने सहजकर्ता चौहानले दावी गरे। संस्थापक श्रेष्ठको अध्यक्षता र उपसेनानी चौहानको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रमको सञ्चालन शिक्षक चन्द्रप्रसाद सुवेदीले गरेका थिए।

### वैदेशिक ...

आफ्नो नागरिकता प्रयोग नगरी अन्य व्यक्तिको नागरिकताको प्रतिलिपि प्रयोग गरेर आइएमईमार्फत रकम झिकेको उजुरीका आधारमा डेराबाट प्रहरीले नियन्त्रणमा लिएको थियो।


## बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं. प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७९/०३/२४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ उपदफा २ (ग) तथा यस बाह्रदशी गाउँ कार्यपालिकाको मिति २०७९।०३।१९ गतेको निर्णयबाट आ.व ०७९।०८० (१ वर्ष) मा संकलन गरिने हाटबजार सेवा शुल्कको न्यूनतम कबोल अंक निर्धारण भए बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा संस्थाले देहायको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो १५(प्रन्ध) दिने सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**ठेक्काको विवरण**

| सि.न | ठेक्का नं | ठेक्का विवरण | न्यूनतम कबोल अंक (भ्याट बाहेक) | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ठे.नं १ | चकचकी पशुबजार | १२,५०,०००।- | १०००।- | २०७९।०४।०६ गते कार्यालय समयभित्र | २०७९।०४।०७ गते १२:०० बजे सम्म | २०७९।०४।०७ गते २:०० बजे पछि |
| २ | ठे.नं २ | राजगढ पशुबजार | १२,५०,०००। - | १०००।- | | | |
| ३ | ठे.नं ३ | डाँगीबारीबाखा तथा हाट बजार | ४,००,०००।- | १०००।- | | | |
| ४ | ठे.न ४ | स्थानिय सेवा शुल्क (निकासी) कर खाद्यन्य बाहेक | ५,००,०००।- | १,००० ।- | | | |
| ५ | ठे.न ५ | राजगढ बजार | २,००,०००।- | १०००। - | | | |

नोटः शर्तहरु तथा अन्य विस्तृत जानकारीका लागि बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटी, वेभसाइटः- www.bahradashimun.gov.np वा कार्यालय समयभित्र कार्यालय समेत सम्पर्क गर्न सक्नुहुनेछ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# मोहर बनाउने पहलको खाँचो

**प्लास्टिकको प्रयोग अहिले शहरीया संस्कृति भइसकेको छ । हाम्रो परिवर्तित खानपानको शैलीले पनि प्लास्टिक प्रयोगलाई बढावा दिइरहेको छ । यही प्रयोगको प्रवृत्तिले प्लास्टिक र प्लास्टिकजन्य वस्तु शहरी जीवनको अभिन्न अङ्ग बनिएको हो । खनिज तेल र प्राकृतिक ग्यासको मिश्रणबाट उत्पादन हुने प्लास्टिक तयार गर्न कूल उत्खननको आठ प्रतिशतसम्म प्रयोग गरिने तथ्यांकले देखाएको छ । प्लास्टिक हाम्रो जीवनशैली बन्नुका पछि जस्तोसुकै आकार दिन सकिने, विद्युतको कुचालक हुने, तरल पदार्थ पनि राख्न मिल्ने, सस्तो, जहाँसुकै पाइने र हलुंगो हुने गुण कारण रहेका छन् । तर, प्रयोगको यही सबल पक्ष व्यवस्थापन गर्नुपर्दा दुर्बल र कठिन हुन्छ । नसड्ने, जलाउँदा हानिकारक वायु उत्सर्जन हुने र असाध्य रोगको कारण बनिने प्लास्टिक हाम्रा लागि व्यवस्थापनका हिसाबले समस्या बन्दैछ ।**

**सहजताका लागि प्रयोग गरिने र व्यवस्थापनका लागि जतासुकै फ्याक्ने प्रवृत्तिले वातावरण प्रदूषित हुँदै जाँदैछ । यसले जैविक विविधतामा समेत असर पार्छ र कुनै ठाउँको सौन्दर्यलाई कुरुप बनाउँछ । यसको हानीलाई अनुभूत गरेर हाम्रै कतिपय पालिकाले प्लास्टिकका झोला प्रतिस्थापन गर्ने नीति बनाए, कार्यान्वयनमा पनि ल्याए, तर पूर्णतः सफल भएनन् । शहरी क्षेत्र त्यसमा समस्या बनिएको छ । अहिले पनि दिनहुँ एक हजार एक सय चालीस मेट्रिक टन फोहर काठमाडौंले मात्रै उत्सर्जन गर्ने गरेको फोहोरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्रले जनाएको छ । त्यही फोहोर व्यवस्थापन गर्ने नाममा बर्षेनि करोडौं रुपैयाँ खर्च भइरहेको छ । तर, स्थायी समाधान अझै फेला परेको छैन ।**

**यसैबीच नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले प्लास्टिकजन्य फोहोरबाट दैनिक तीन लाख बयालीस हजार लिटर इन्धन उत्पादन हुने जनाएको छ । प्रतिष्ठानका वरिष्ठ वैज्ञानिक डा. रवीन्द्र ढकालले प्लास्टिकबाटै पेट्रोल, डिजेल लगायतका इन्धन उत्पादन हुने भन्दै अहिलेको घट्दो विदेशी सञ्चितिलाई पनि कम गर्न सकिने बताएका छन् । जल, जमिन र वायुमण्डल प्रदूषित बनाइरहेको प्लास्टिकजन्य फोहोरलाई इन्धन उत्पादन गर्ने प्रविधितर्फ सरकारको ध्यान गयो भने फोहोरजन्य समस्या तत्काल न्यूनीकरणको क्रममा पुग्छ । एकातिर फोहोरको व्यवस्थापन हुने अर्कातिर इन्धन उत्पादन भई संकटमा परेको अर्थतन्त्रलाई ठीक बाटोमा ल्याउन यसले मद्दत गर्छ । त्यसका लागि सरकारले ठाउँ–ठाउँमा प्रशोधन केन्द्रहरु खोलेर प्लास्टिकबाट इन्धन उत्पादन गर्ने उद्योग खोल्न प्रोत्साहन दिनु पर्दछ । त्यसो भयो भने जथाभावी फ्याल्ने, नदीनाला, समुद्र र खाली खोल्सामा थुप्रिने फोहोरको समेत व्यवस्थापन हुन गई राष्ट्रिय अर्थतन्त्रमा पनि सकारात्मक सुधार ल्याउन सकिन्छ । त्यसका लागि सरकारले नै प्रविधि विस्तार तथता व्यावसायिक उत्पादनलाई प्राथमिकता दिनु पर्दछ ।**

## आजको समाज र आर्थिक विकासको प्रमुख बाधक :

# वित्तीय साक्षरताको अभाव



**शिवकुमार गिरी**

विक्तीय ज्ञानको उपर्युक्त महत्व एवम् अपरिहार्यता तथा नेपालमा पनि अधिकांश बालबालिका र युवाहरु औपचारिक वित्तीय सेवाको पहुँचभन्दा बाहिर रहेको सन्दर्भमा तिनलाई वित्तीय पहुँचको दायरामा ल्याउन बालबालिका र युवा लक्षित वित्तीय साक्षरता सम्बन्धी राष्ट्रिय अभियान चलाइएमा हामीले देखेको समृद्धि टाढा छैन।

व्यक्ति मिलेर समाजको निर्माण हुन्छ भने हरेक व्यक्तिले विभिन्न ढंगले आर्थिक गतिविधिमा संलग्नता देखाएका हुन्छन् । चाहे त्यो व्यक्तिगत, समूहगत वा संस्थागत हुन सक्छ । यी सबै गतिविधिले समाज र समग्र देशकै आर्थिक क्रियाकलापहरूलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । आफन्तको बीचमा कोही पनि विपन्न वर्गमा रहेर बाँच्न चाहँदैन । हरेक क्रय/विक्रयको माध्यम भनेको धन सम्पत्ति नै हो जसको महत्व बढ्दो छ । हरेक व्यक्ति दिन प्रतिदिन धनी बन्न चाहन्छ । परिवारको वित्तीय सबलतामा नकारात्मक प्रभाव पर्नु भनेको देशलाई नै असर पर्दै जानु हो ।

वित्तीय व्यवस्थापन सम्बन्धी ज्ञान पनि वित्तीय साक्षरताको उद्देश्य हो । कसरी वित्तीय व्यवस्थापन गर्ने, स्रोत कहाँबाट जुटाउने, कहाँ लगानी गर्ने, आय विश्लेषण, लगानी विश्लेषण, कर्मचारी भर्ना विधि, पुँजीगत निर्णय, सम्पत्ति, दायित्व, आम्दानी, खर्च, नगद प्रवाह, पैसाको वर्तमान तथा भविष्यको मूल्य जस्ता वित्तीय व्यवस्थापनको ज्ञान दिनु वित्तीय साक्षरता हो । व्यवसायको विकास र विस्तार व्यवसाय सृजना तथा प्रबर्द्धन पनि वित्तीय साक्षरताको उद्देश्य हो । वित्तीय रूपमा साक्षर व्यक्तिले आफ्नो आय वृद्धि गर्न आफ्नो काम तथा व्यवसायको प्रबर्द्धन कसरी गर्ने, कति आम्दानी गर्न सकिन्छ भन्ने सम्बन्धमा सही निर्णय लिन सक्छ । त्यसैगरी ग्राहक सम्बन्ध, बजार व्यवस्थापन, उत्पादन व्यवस्थापन, मौज्दात व्यवस्थापन आदिका बारेमा ज्ञान दिनु पनि वित्तीय साक्षरताको उद्देश्य हो ।

पछिल्लो समयमा नेपालमा वित्तीय साक्षरताको विषय जल्दोबल्दो विषयका रूपमा चर्चा पाउन थालेको छ । वित्तीय साक्षरता भन्नाले कुनै पनि व्यक्तिसँग भएको आर्थिक वा वित्तीय स्रोत-साधनको प्रभावकारी एवम् मितव्ययी उपयोग गर्ने ज्ञान नै वित्तीय साक्षारता हो । अर्थात् मानिसले दैनिक जीवनयापनमा आफूसँग भएको वित्तीय स्रोतको परिचालन सही ढंगले प्रयोग गर्ने कला हो । हरेक व्यक्तिसँग भएको सीमित साधन-स्रोतको उच्चतम् र कुशल उपयोगबारे जानकारी दिँदै आयमूलक क्षेत्रमा लगानी गर्ने र त्यसबाट आर्थिक उन्नति गर्ने ज्ञान, सीप र कला प्रदान गर्नु वित्तीय साक्षरताको लक्ष्य हुन्छ । वित्तीय साक्षरतालाई वित्तीय चेतना तथा वित्तीय शिक्षा पनि भनिन्छ । वित्तीय साक्षरताले पैसाको महत्व बुझ्न र सो अनुसार त्यसको उचित व्यवस्थापन गर्ने शिक्षा प्रदान गर्दछ ।

पैसाको सदुपयोगबाट आर्थिक तथा सामाजिक सुरक्षा हासिल गर्ने, सीमित साधन-स्रोतका अधिकतम् उपयोग गरी असीमित आवश्यकताहरूलाई प्राथमिकताको आधारमा पूरा गर्न व्यवस्थित बजेट बनाउने तरिका सिकाउने तथा सीमित साधनको व्यवस्थित परिचालन र उच्चतम् सदुपयोग गर्ने कला, सीप र ज्ञान वित्तीय साक्षरताले प्रदान गर्दछ ।

अर्को शब्दमा मानव जीवनका लागि अति आवश्यक पैसा वा धन सम्पत्ति कानून बमोजिम मात्र आर्जन गर्ने, पैसा खर्च गर्दा मितव्ययीरूपमा बजेट बनाएर आय बमोजिम खर्च गर्ने, आफ्नो आयको केही अंश भविष्यका लागि बचत गर्ने तथा उद्यम, व्यवसाय गर्नका लागि कर्जा लिने र वैदेशिक रोजगारीको कमाइको सही उपयोग गर्ने ज्ञान तथा सीप वित्तीय चेतनाले दिन्छ । त्यसैगरी वित्तीय साक्षताले व्यवसायमा भैपरी आउन सक्ने जोखिम व्यहोर्न र जोखिम न्यूनीकरण गर्नका लागि बीमा तथा सुरक्षण गर्ने, गैरकानूनी ढंगबाट आर्जन गरेको सम्पत्तिले समस्या ल्याउँछ भन्ने जस्ता विषयमा आवश्यक न्यूनतम् ज्ञान प्रदान गर्दछ । वित्तीय चेतना मार्फत् व्यक्ति आफ्नो स्रोत र साधनको उपयोग विषयमा उचित निर्णय गर्न सक्षम हुन्छ । यसबाट व्यक्तिको र राष्ट्रको समेत आर्थिक उन्नतिमा सहयोग पुग्दछ ।




नेपालको जनसंख्याको ठूलो भाग अझै पनि वित्तीय सेवाबाट वञ्चित रहेको छ । नेपालमा एक चौथाइ जति जनसंख्या गरिबीको रेखामुनि रहेको छ र सो जनसंख्यालाई गरिबीबाट मुक्त गराउनु आवश्यक छ । गरिबी तथा वेरोजगारीको यो भयावह स्थिति, वित्तीय सेवाको न्यून पहुँचको अवस्थाबाट मुक्तिको लागि वित्तीय साक्षरता अभियान अपरिहार्य छ । वित्तीय साक्षरता गरिबहरूलाई गरिबीबाट मुक्ति दिलाउन मात्र आवश्यक छ भन्ने होइन । यो शिक्षा समाजका हरेक व्यक्तिलाई आवश्यक छ । उचित वित्तीय शिक्षाले मात्र उद्यम व्यवसायका सम्भावित जोखिमबाट बच्न वा जोखिमलाई न्यूनीकरण गर्न सम्भव हुन्छ । वित्तीय साक्षरताको सवालमा राष्ट्रका भोलिका कर्णधार आजका बाल-बालिकालाई अहिलेदेखि नै अर्थ तथा वित्त सम्बन्धी असल संस्कार, बानी-व्यहोरा, आचरण सिकाउन थालेमा भोलिका दिनमा उनीहरूबाट परिवार, समाज र राष्ट्रले राम्रो प्रतिफल पाउन सक्छ । वित्तीय साक्षरता सम्बन्धी शिक्षा विद्यालयस्तरदेखि नै पाठ्यक्रममा समेटिन अति नै जरुरी छ ।

जसले बालबच्चाहरूलाई अहिलेदेखि नै वित्तीय चेतना आई भविष्यमा यसको सकारात्मक प्रभाव पर्ने छ । यति मात्र नभै विद्यालयस्तरमा नैतिक शिक्षाको अध्ययन गराए झैं वित्तीय अनुशासनका बारेमा बालबालिकाले तल्लै स्तरमा बुझ्न पाए भने वित्तीय अनुशासनको विकास भई भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । वित्तीय ज्ञानको उपर्युक्त महत्व एवम् अपरिहार्यता तथा नेपालमा पनि अधिकांश बालबालिका र युवाहरू औपचारिक वित्तीय सेवाको पहुँचभन्दा बाहिर रहेको सन्दर्भमा तिनलाई वित्तीय पहुँचको दायरामा ल्याउन बालबालिका र युवा लक्षित वित्तीय साक्षरता सम्बन्धी राष्ट्रिय अभियान चलाइएमा हामीले देखेको समृद्धि टाढा छैन । तर, यदि हामीले आजका विद्यार्थी नानीबाबुहरूलाई वित्तीय साक्षरता प्रदान गर्न सकेनौं भने हामीले देखेको सपना किञ्चित पूरा नहुने कुरामा दुईमत छैन । विश्वका सबै बालबालिकाहरू प्राथमिक स्तरको शिक्षा सम्पन्न गरेर विद्यालयबाट निस्कँदासम्ममा बैंक तथा वित्तीय संस्थामा अनिवार्य रूपमा उनीहरूको बचत खाता हुनुपर्ने र त्यो खाता सही ढंगले सञ्चालन गर्न सक्ने ज्ञान र सीप समेत हासिल गराउने गरिन्छ । सो कुरा अबको सरकारदेखि स्थानीय निकायहरूले ध्यान दिएमा यो कुरा असम्भव छैन ।

यस अभियानलाई सार्थक पार्न नेपालमा पनि वित्तीय साक्षरता सम्बन्धी विविध कर्यक्रमहरू सञ्चालन हुन थालेको पाइन्छ । नेपालका बैंक तथा वित्तीय संस्थाले पनि वित्तीय साक्षरता कार्यक्रम गरिरहेका छन् । यस वर्ष नेपाल राष्ट्र बैंकले मार्च महिनामा (Global Money Week-2022) अन्तर्गत हरेक बैंकलाई वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम गरी त्यसको प्रतिवेदन पेश गर्नु भन्ने निर्देशन गरेको थियो । तर, त्यो मात्र पर्याप्त देखिँदैन, यसलाई राज्यस्तरबाट नै एउटा अभियानको रूपमा आत्मसात गरी आएमा वित्तीय साक्षरता वृद्धि गरी देशलाई आर्थिक रूपमा सबल बनाउन सकिने कुरालाई नकार्न सकिँदैन ।

अझ अहिलेका स्थानीय निकायका जनप्रतिनिधिहरू मार्फत वित्तीय क्षेत्रका जानकारहरूको राय-सल्लाह सुझावमा स्थानीय स्तरमा नै वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन गरेमा त्यो प्रभावकारी हुनेछ जसले जनमानसमा सकारात्मक सन्देश जानेछ र समाजमा वित्तीय पहुँचमा उल्लेख्य वृद्धि हुनेछ । यदि यसो गर्न सके सामाजिक न्याय र समानुपातिक आर्थिक वितरणलाई पनि टेवा पुऱ्याउन सकिन्छ ।

नेपालको सन्दर्भमा अहिले हरेक स्थानीय, प्रदेश र केन्द्रमा देखिएको वित्तीय तथा आर्थिक समस्या पनि वित्तीय साक्षरताको कमी नै हो भन्नुमा कुनै अत्युक्ति नहोला, किनभने आज हामीले देखेका र सुनेका भ्रष्टाचारको समाचार स्थानीय निकायका जनप्रतिनिधिले खर्च गर्ने शीर्षक नमिलाउँदा र जथाभावी खर्च गर्दिनाले नै आएको बुझिन्छ । चुनावताका गरेका वाचा पूरा गर्ने र सहयोगीलाई रिझाउने कार्यले पनि समस्या देखिएको छ । जुन कार्य विधि र प्रक्रियासंगत नहुन सक्छ, जसको कारणले बेरूजुको दर बढ्दै गएको भान हुन्छ । दैनिक यी सम्पूर्ण कुराको ज्ञान र उचित प्रयोगले मात्र मुलुकमा समृद्धिको आधार तयार गर्न सकिने छ । मुलुकको समग्र आर्थिक उन्नतिका लागि वित्तीय साक्षरता कोशेढुंगा सिद्ध हुन सक्छ ।

*(गिरी एक्सल डेभलपमन्ट बैंकका कर्जा विभाग प्रमुख हुन् ।)*

skg.sirjan@gmail.com

# होटल व्यवसायतर्फ युवा आकर्षण बढ्दो




□ उमानाथ भण्डारी

**कमल, असार २३।** पछिल्लो समय युवाहरुमा होटल व्यवसाय तर्फको रुची बढ्दै गएपछि त्यसलाई पूरा गर्नका लागि नेपाल सरकारका विभिन्न संस्थाहरुले तालिम दिन थालेका छन् ।

शहरमा रहेका ठूला-ठूला होटलमा भन्दा गाउँमा रहेका साना होटल तथा लजमा पाउनाहरुको आकर्षण बढ्न थालेको छ । शहरमा रहेको भिडभाडबाट एकैछिन भए पनि गाउँमा रहेको शान्ता वातावरणमा रमाउनका लागि पछिल्लो समय आन्तरिक तथा वाह्य पर्यटकको लोभिन थालेका छन् ।

गाउँका साना होटल तथा लजमा पर्यटकलाई कसरी सिप सिकौं, आत्मनिर्भर बनौं भन्ने उद्देश्यका साथ कमल गाउँपालिकामा रहेका युवाहरुलाई संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठन तथा कमल गाउँपालिकाको आयोजना र ग्रामिण विकास फाउण्डेशन नेपाल झापाको व्यवस्थापनमा साना होटल तथा लज व्यवस्थापन सम्बन्धी १० दिने तालिम कमल गाउँपालिकाको क्याम्पामा सम्पन्न भएको छ ।

कमल गाउँपालिकामा दिन प्रतिदिन जनघनत्व बढिरहेको छ । पछिल्लो समय कमल गाउँपालिकामा थुप्रै होटल सञ्चालनमा आइरहेका छन् । यो तालिमबाट सहभागीहरुले धेरै कुरा सिकेको र त्यसलाई व्यवहारमा उतार्दै कमल गाउँपालिकाको आर्थिक विकासमा लाग्न कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले आग्रह गरे । गाउँपालिकाका थुप्रै युवाहरु विदेशमा गएर लाखौं कमाउँदै छन् । तर, विदेशमा गएर लाखौं कमाउनुभन्दा स्वदेशमा परिवारसँग बसेर ४०/५० हजार कमाएको त्यो नै उत्तम हुने अध्यक्ष राईको भनाइ छ ।

नेपाली कांग्रेसका कमल गाउँ सभापति बुद्धिराज न्यौपानेले रोजगारीका लागि धेरै युवाशक्ति विदेश पलायन भएको र युवाशक्ति पलायन हुँदा गाउँ-घरमा आर्थिक समृद्धिका कामहरु सुस्ताएको बताए । उनले तालिममा लिएको सिपलाई आफ्नै ठाउँमा उपयोग गर्दै आर्थिक उन्नतीका काममा लगाउन सुझाव दिए ।

त्यस्तै नेकपा एकमलेका कमल गाउँ कमिटी अध्यक्ष प्रेम पोखेलले तालिममा सिकेका कुरालाई प्रयोगमा ल्याएमात्र तालिमको उद्देश्य पूरा हुने बताए । त्यस्तै नेकपा माओवादी केन्द्र कमल गाउँ कमिटी अध्यक्ष प्रताप सुब्बाले १० दिनसम्मको तालिममा सिकेको सिपलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए ।

कमल गाउँपालिका वडा नं. ४ निवासी पशिक्षार्थी सविता राईले तालिममा होटल तथा लजको सरसफाई, विभिन्न खानाका परिकार बनाउनेदेखि लिएर अतिथि सत्कार लगायतका धेरै कुरा सिकेको र तालिम फलदायी भएको बताइन् । प्रशिक्षार्थी सञ्जीव राईले तालिममा धेरै कुरा सिकेको र एउटै चिजबाट कसरी धेरै र मिटो परिकार बनाउन सकिन्छ । घरमा बनाउँदै गरेको खानालाई अतिकति परिमार्जन गर्न सकियो भने त्यसबाट धेरै परिकार बनाउन सकिने अनुभव बटुलेको बताए ।

तालिमबाट होटल सम्बन्धीका विभिन्न विषयका बारेमा प्रशिक्षार्थीलाई जानकारी गराएको र तालिम उपलब्धीमूलक बनेको तालिम संयोजक अजय राज बखतीले बताए ।

ग्रामिण विकास फाउण्डेशन नेपाल झापाका अध्यक्ष होमबहादुर बरालको अध्यक्षतामा भएको कार्यक्रममा फाउण्डेशनका महासचिव यामनारायण प्रधानले स्वागत गरेका थिए भने सचिव विष्णुप्रकाश निरौलाले सञ्चालन गरेका थिए । सहभागीलाई नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानका प्रशिक्षकद्वय अजयराज बखती र तुलसी भण्डारीले सहजीकरण गरेका थिए ।

कमल गाउँपालिका तथा अन्य विभिन्न संघ-संस्थाले गाउँपालिकाका थुप्रै वेरोजगार युवालाई सिपमूलक तालिम दिइरहेको छ । तालिम दिएको अभिलेख हेर्ने हो भने अहिले पनि सयौंको संख्यामा अभिलेख भेटिएला तर त्यो तालिमबाट कति जना स्वरोजगार भए भन्ने अभिलेख भेट्न मुस्किलै पर्छ । तालिममा लाखौं रुपैयाँ खर्च भएको छ । राज्यले तालिममा खर्च गर्नु भनेको वेरोजगार युवालाई स्वरोजगार सृजना गर्नु रहेको त्यस क्षेत्रका जनप्रतिनिधि तथा प्रशिक्षकहरुको भनाइ रहेको छ ।

# बिर्तामोडमा ओलिज स्टोर्स




**बिर्तामोड, असार २३।** एप्पल ब्राण्डका सामग्रीहरुको बिक्री-वितरण र मर्मत गर्ने गरी पहिलो पटक झापाको बिर्तामोडमा ओलिज स्टोर्स सञ्चालनमा आएको छ ।

व्यवसायीहरु चेतनप्रसाद ओली र लोकेश ओलीले शनिश्चरेरोड बिर्तामोडको महानन्द चौकमा ओलिज स्टोर्स सञ्चालनमा ल्याएका हुन् । ओलिज स्टोर्सको उद्घाटन अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देनले गरेका थिए ।

एप्पल ब्राण्डका सामग्रीहरुको पसल झापामा नहुँदा सामान्य समस्याका लागि काठमाडौं जानुपर्ने अवस्था रहेकोमा ओलिज स्टोर्स सञ्चालनमा आएपछि एप्पल ब्राण्डका मोबाइल, आइफोन लगायतका सामग्री खरिद गर्ने उपभोक्ताका लागि सहज हुने ओलिज स्टोर्स सञ्चालक लोकेश ओलीले बताए ।

ओलिज स्टोर्समा एप्पलका आइप्याड, आइम्याक, डेक्सस्टप र अन्य ब्राण्डका सामग्रीहरुको बिक्री तथा मर्मत गर्ने उनले बताए । एप्पल ब्राण्डको सामग्रीहरुका प्रयोगकर्तालाई ध्यानमा राखेर सहजरुपमा बिक्री वितरण र मर्मत झापामै सहजरुपमा होस् भन्ने उद्देश्य राखेर ओलिज स्टोर्स सञ्चालनमा ल्याएको सञ्चालक चेतनप्रसाद ओलीले बताए ।

सामान्य समस्या आउँदा मर्मतका लागि अन्यत्र जानुपर्ने अवस्था थियो, अब एप्पल ब्राण्डका सामग्रीहरु झापामै हुने हुँदा अन्यत्र जानुपर्ने अवस्थाको अन्त्य भएको उनले बताए । ओलिज स्टोर्सका सञ्चालक लोकेश ओलीले झापामा पहिलो पटक ओलिज स्टोर्स सञ्चालनमा आएपछि एप्पल ब्राण्डको सामग्री किन्न र जानकारी लिन सहज हुने बताए ।

# बिर्तामोड नगर अधिवेशन सम्पन्न




**बिर्तामोड, असार २३।** बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभा अन्तर्गतको पहिलो अधिवेशन सम्पन्न भएको छ।

नगर प्रमुख पवित्रा महताराको अध्यक्षतामा बसेको पहिलो नगर अधिवेशनको दोस्रो बैठक असार १० गते पेस भएको नीति, बजेट तथा कार्यक्रम सम्बन्धी प्रस्ताव तथा विभिन्न विधेयक पास गर्दै सम्पन्न भएको हो।

बैठकले निर्णायार्थ प्रस्तुत गरिएका आर्थिक वर्ष २०७९/८० को नीति, बजेट तथा कार्यक्रम सम्बन्धी प्रस्ताव, आर्थिक विधेयक, विनियोजन विधेयक, सहकारी विधेयक, स्वास्थ्य विधेयक र कर तथा गैह्रकर राजश्व सम्बन्धी विधेयक पास गरेको हो। कार्यक्रम तथा विधेयक माथि वडा नम्बर ६ का वडासदस्य जीवन बाँस्कोटा, वडा नम्बर ५ का वडा सदस्य दुर्गा शिवाकोटी र वडा नम्बर १० का वडासदस्य पृथ्वी बस्नेतले सुझाव राखेका थिए।

बैठकले बिर्तामोड नगरका १० वटै वडाहरु सम्पूर्ण प्रक्रिया पूरा गरी पूर्ण खोपयुक्त वडा घोषणा भई सकेको हुँदा बिर्तामोड नगरपालिकालाई पूर्ण खोपयुक्त नगर घोषणा गर्ने निर्णय गरेको छ। त्यस्तै बिर्तामोड नगरपालिका अन्तर्गत कार्यरत ३० जना महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई वार्षिक रुपमा (दशैं-तिहारको अवसरमा) प्रोत्साहन स्वरुप एकमुष्ठ रकम १० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ।

बैठकमा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले न्यायिक समितिको आर्थिक वर्ष २०७८/०७९ को प्रतिवेदन पेश गरेका थिए। प्रतिवेदनमा यस अवधिमा न्यायिक समितिमा जम्मा ४७ थान मुद्दा दर्ता भएको र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरीआएका १५ गरी जम्मा ६२ थान मुद्दाको कारवाही गरिएको जनाइएको छ।

दर्ता भएका मध्ये ४७ थान मुद्दा फरछ्यौंट गरिएको, १५ थान मुद्दा कारवाहीको प्रक्रियामा रहेको र उक्त मुद्दालाई आगामी आर्थिक बर्षमा जिम्मेवारी सारी कारवाही प्रक्रिया अघि बढाइने जनाइएको छ। बैठकले नगरको न्यायिक समिति सदस्यमा दुई जनालाई मनोनित गरेको छ। मनोनित हुनेहरुमा वडा नम्बर ७ का वडासदस्य खडानन्द निरौला र वडा नम्बर १ कि वडासदस्य कमला महरा रहेकी छन्। बैठकमा प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले दोस्रो नगर सभाबाट पारित भएका निर्णयहरुलाई प्रस्तुत गरेका थिए।

बैठकको प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य पवित्रा निरौला खरेलले आगामी पाँच वर्षको लागि गुरुयोजना निर्माण गरेर अघि बढ्नुपर्ने बताइन्। बिर्तामोडमा फोहोरमैला व्यवस्थापन, ढल निकास, सार्वजनिक शौचालयको समस्या रहेको भन्दै उनले सम्मुनत विकासको अवधारणा अनुसार विकास गर्दै जानुपर्ने बताइन्। उनले बजेट र नीति तथा कार्यक्रममा तालमेल हुनुपर्नेमा जोड दिइन्। प्रतिनिधि सभा सदस्य खरेलले संघीय सरकारबाट बिर्तामोड नगरपालिका क्षेत्रभित्र परेका बजेटहरुको बारेमा समेत जानकारी गराएकी थिइन्।

बैठकमा वडा नम्बर ६ का वडाध्यक्ष तथा नेपाली कांग्रेस बिर्तामोड नगरकमिटीका उपसभापति सूर्यप्रसाद कन्दङ्गवाले करको दायरालाई फराकिलो बनाउन वडा तथा टोल विकास संस्थाहरुलाई जिम्मेवारी दिएर नगरपालिकाले निगरानी गर्नुपर्ने धारणा राखे। बिर्तामोड नगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० को लागि एक अर्ब ३८ करोड ३५ लाख चार हजार चार सय ९० रुपैयाँ बजेट सहितको नीति तथा कार्यक्रम गते प्रस्तुत गरेको थियो।

# टिपर र चालक प्रहरीको नियन्त्रणमा



**पथरीशनिश्चरे, असार २३।** मोरङको लेटाङ नगरपालिका वडा नं. ३ गङ्गेचौकमा प्रहरीले अवैधरुपमा ढुंगा लोड गरी लादै गरेको अवस्थामा चालकसहित दुई टिपरलाई नियन्त्रणमा लिएको छ।

लेटाङ्ग नगरपालिकास्थित इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी गस्ती टोलीले चेकजाँच गर्ने क्रममा अवैध रुपमा ढुंगा लोड गरी उत्तरबाट दक्षिणतर्फ लादै गरेको अवस्थामा टिपरसहित चालकलाई नियन्त्रणमा लिएको जनाएको छ।

प्रदेश नं. १-०१-००१ क ११७४ र प्रदेश नं. -१-०२-००१ ख ९४७१ नम्बरका टिपरसहित चालक समेतलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि लेटाङ्ग नगरपालिकामा पठाइएको लेटाङ्ग प्रहरीले जनाएको छ।

# महिला समूहलाई तालिम




**दमक, असार २३।** दमक वडा नं. १० मा घरेलु हिंसा र बचत, लेखा व्यवस्थापन तथा माइन्युट लेखन सम्बन्धी तालिम सञ्चालन भएको छ।

दमक-१० स्थित महिला समूहका सदस्यहरुलाई उक्त तालिम प्रदान गरिएको हो। कार्यक्रममा दमक नगर उपप्रमुख रेगिना भट्टराईले बचत गर्नाले भविष्यमा आईपर्ने समस्या समाधानमा अरुसँग सहयोग माग्नु नपर्ने बताइन्। सानो समूहको नेतृत्वबाट नै महिला सशक्तिकरण हुने भन्दै उनले महिला समूहहरुले समाज रुपान्तरणका लागि बिशिष्ट योगदान दिएको बताइन्।

कार्यक्रममा इलाका प्रहरी कार्यालय दमका प्रमुख दिलीप गिरीले घरेलु हिंसा र लागूऔषध दुर्व्यसनका बारेमा सहभागीहरुलाई सहजीकरण गरेका थिए। घरभित्र हुने सामाजिक, मानसिक, आर्थिक र शारीरिक हिंसालाई घरेलु हिंसा भनिने भन्दै घरेलु हिंसा गरेमा हुने कानूनी सजायको बारेमा बताए।

त्यसैगरी लागूऔषध दुर्व्यसनको समस्या बिकराल रहेको भन्दै उनले आफ्ना बालबालिका कहाँ जान्छन् ? के गर्छन् ? निगरानी गर्नुपर्ने बताए।

कार्यक्रममा मेची सहकारी संस्थाका पूर्व सचिव तथा निवर्तमान वडा सदस्य लक्ष्मीप्रसाद दाहालले बचत, लेखा व्यवस्थापन तथा माइन्युट लेखन सम्बन्धी सहजीकरण गरेको दमक नगर महिला शाखा प्रमुख सरिता भण्डारीले जानकारी दिइन्।

# 'एसिड फ्लाई' किराको टोकाइ



झापासहित पूर्वी तराईका क्षेत्रमा 'एसिड फ्लाई' नामक किराले आक्रान्त मच्चाइरहेको छ। उक्त किराले टोकेर उपचारका लागि अस्पताल धाउने मानिसको संख्या बढ्न थालेको चिकत्सिकहरुले बताएका छन्। किराको टोकाइबाट पीडित बनेको झापाका स्थानीयले बताएका छन्। बिर्तामोड निवासी सन्दिप न्यौपानेका अनुसार शरीरका विभिन्न स्थानमा घाउ निस्किएको बताए। किराले कति बेला टोक्यो थाह छैन। तर, शरीरमा जनै खटिरा जस्तै देखिने डडेको घाउहरु निस्किएको न्यौपानेले बताए।

न्यौपाने जस्तै धेरैले उक्त घाउबाट पिडित बनेको भन्दै सामाजिक सञ्जालहरुको पोष्ट गरेका छन्। गर्मी मौसम भएकाले शरीर घाउ खटिरा निस्किएको हुन सक्ने बताइए पनि 'एसिड फ्लाई' नाम किराको टोकाइबाट उक्त संक्रमण फैलिएको चिकित्सकहरुले बताएका छन्। वैज्ञानिक नाम 'पेडिरस एसपी' रहेको किरा झाड तथा प्रदुषित पानीबाट उत्पन्न हुने र त्यहाँ बस्ने गर्दछ। उक्त किरा साँझ घाम डुबेपछि सक्रिय हुने र बत्तीको उज्यालोले आकर्षित हुने बताइएको छ।

**के गर्छ यो किराले ?**

यो किराले टोकेर छालामा विषालु चिज छोड्छ जसले गर्दा छाला सुन्निने, रातो हुने, चिलाउन र २४ देखि ४८ घण्टामा पानी जस्तो फोका उठ्न थाल्छ। यो किरालाई बिटल ब्रिस्टल पनि भनिन्छ। यो किरा मारे पनि यसले विष निकाल्दछ। यसलाई चलाउने बित्तिकै क्यान्थादिन नामक विष छर्दछ। क्यान्थादिन विष यति धेरै विषालु हुन्छ कि यो मुखमा पऱ्यो वा खाइयो भने यसले ग्यास्ट्रोइन्टेस्टिइनल ट्र्याक्ट र मृगौला खराब गर्न सक्छ। विश्वभर नै खेतमा काम गर्ने किसानहरु यसको सिकार हुन्छन् भने नेपालमा पनि मेडिकल कलेजमा अध्ययन गर्ने विद्यार्थीहरुलाई धेरै असर गरेको पाइन्छ।

**उपचार**

- किराले टोकेको ठाउँमा साबुनपानीले मज्जाले पखाल्ने
- टोकेको ठाउँमा 'टिन्चर आयोडिन' औषधि राख्दा विष केही हदसम्म जान्छ।
- टोपिकल स्टेरोइड मलम लगाउँदा बिस्तारै टोकेको ठाउँमा फोका सुक्दै जान्छ। ७ देखि १० दिनसम्म यस्तो दाग रहन्छ।
- धेरै चिलाए एन्टिहिस्टामाइन्स लगाउन सकिन्छ।

**'एसिड फ्लाई' को टोकाइबाट कसरी जोगिने ?**

यो किरा निकै सानो र मसिनो हुने भएकाले लामखुट्टेबाट जोगिन राखेको झुलभित्र पनि पस्न सक्छ। त्यस्तै, यो प्रकाशप्रेमी भएका कारण बत्ती बालेको ठाउँहरुमा आउन सक्छ। यसबाट जोगिन यी केही उपायहरु अवलम्बन गर्न सकिन्छ-

१) यो किरा आएको ठाउँमा 'स्प्रे' छर्कने
२) घाम जानेबित्तिकै वा अध्यारो हुन थालेपछि झ्याल ढोकाहरु बन्द गर्ने। यो किरा घाम डुबेको एक घण्टामा सक्रिय हुन थाल्छ। सकेसम्म किराको सम्पर्कमा नजाने।
३) किरा छिर्न नमिल्ने खालको झुल लगाउने
४) मनसुनको समयमा किरा धेरै हुने ठाउँहरुमा सिँधै बत्तिको मुनि सकेसम्म नबस्ने
५) राति बत्ती निभाए पनि बत्तीको सिँधै मुनि नसुत्ने
६) किरा मार्ने तथा समात्ने प्रविधि प्रयोग गर्ने
७) घ्यूकुमारी र नरिवलको तेल लगाउने
८) झाडी तथा पानी भएको ठाउँहरु सफा राख्ने।

# पुल नबन्दा स्थानीयलाई जोखिम

**झापा, असार २३।** भाँचिएको भोजपुरको कावा खोलाको पुल पुनः निर्माणमा ढिलाइ हुँदा स्थानीयबासी ज्यानको जोखिम मोलेर यात्रा गर्न बाध्य छन्।

रामप्रसादराई र हतुवागढी गाउँपालिका जोड्ने कावा खोलाको पुल निर्माणका क्रममा भाँचिएको थियो। पुल आठ महिनाअघि भाँचिएको भए पनि हालसम्म पुनः निर्माणको कामअघि बढ्न सकेको छैन। गत मंसीरमा सो विषयमा सर्वपक्षीय छलफल भएको थियो। पुनः निर्माणको काम यस वर्षको बर्सातअघि नै सक्ने सहमति भएको थियो।

प्रादेशिक सडक, पुल आयोजना प्रदेश नं. १ का संयोजक सूर्यनारायण चौधरीले आगामी चैतसम्म पुनःनिर्माण गरिने बताए। निर्माण कै क्रममा पुल भाँचिएको विषयमा अनुसन्धान भइरहेको उनको भनाइ छ।

पैदलयात्रुसँगै सवारीसाधन पार गर्न निकै कठिन हुने गरेको छ। वि.सं. २०७६ फागुन १२ गते पुलको शिलान्यस गरिएको हो। करिब ९० प्रतिशत काम सकिएपछि ढलान गर्ने क्रममा पुल बीचमा भाँचिएको हो।

# सञ्चार सम्बन्धी सचेतनामूलक कार्यक्रम

**दमक, असार २३।** कमलमा सञ्चार सम्बन्धी आधारभूत ज्ञानसँगै सामाजिक सञ्जाल प्रयोग सम्बन्धी दुई दिने सचेतनामूलक कार्यक्रम शुरु भएको छ।

गाउँपालिकाको सहयोगमा भरयांग मिडिया प्रालिले सञ्चालन गरेको सो अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रममा पहिलो दिन नेपाल पत्रकार महासंघ झापा शाखाका सचिव प्रशिक्षक डिकेश लामा, पत्रकार चिरञ्जीवी घिमिरे र बिष्णु पौडेलले सहजीकरण गरेका छन्।

दुई दिने सो कार्यक्रममा इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायव उपरीक्षक दिलीप गिरीले सहजीकरण गर्ने जनाइएको छ। प्रविधिको विकासका कारण बढेको साइबर अपराध र न्यूनीकरणका बिषयमा गिरीले सहजीकरण गर्ने जनाइएको छ।

केर्खास्थित शहीद धर्मभक्त माविमा सञ्चालन भइरहेको सो प्रशिक्षणमूलक कार्यक्रममा कमल गाउँपालिका अन्तर्गतका बिद्यालयमा मावि तहमा अध्ययनरत् ३५ जना विद्यार्थीहरु सहभागी छन्।

कार्यक्रमको उद्घाटन सत्रमा कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले अहिलेको सूचना र प्रविधिको युगले मानिसहरुको जीवनशैलीलाई परिवर्तन गरिदिएको बताए। उनले सामाजिक सञ्जालको बढ्दो प्रयोग, सूचना र सञ्चारका विकाससँगै जानी/नजानी यसको दुरुपयोग समेत बढेका कारण यस किसिमका सचेतनामूलक कार्यक्रमहरु उपयोगी हुने विश्वास व्यक्त गरे।

वडा नं. ३ का वडाध्यक्ष अग्नि कोइरालाले विज्ञान र प्रविधिको युगले अवसरहरुसँगै विभिन्न चुनौतिहरु पनि निम्त्याएका कारण फरक महत्व राख्ने यस्ता कार्यक्रमहरुको आवश्यकता र औचित्य बढेको बताए। उनले प्रशिक्षणमा लिएको ज्ञानलाई व्यवहारमा उतार्न पनि सहभागीहरुलाई आग्रह गरे।

कार्यक्रमका गाउँपालिकाका शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेले समाजमा बढ्दो अपराध न्यूनीकरणमा यस्ता फरक महत्व राख्ने सचेतनामूलक कार्यक्रमले योगदान दिने विश्वास व्यक्त गरे। कार्यक्रममा शहीद धर्मभक्त माविका प्रधानाध्यापक काजीमान पौडेल लगायतको सहभागिता रहेको थियो।

# कोशी गाउँपालिकाद्वारा किसानलाई भैँसी वितरण

**सुनसरी, असार २३।** किसानलाई दूध एवम् मासुमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी आम्दानी बढाउन सुनसरीको कोसी गाउँपालिकाले भैँसी वितरण थालेको छ।

पालिकाले दूध सङ्कलन केन्द्रको स्थापना गरी बजारीकरणको समेत व्यवस्था गर्ने भएको छ। प्रधानमन्त्री आधुनिक कृषि परियोजना मार्फत भैँसी ब्लक विकास समन्वय समिति कोसी सुनसरी तथा भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र इनरुवा सुनसरीले संयुक्तरुपमा भैँसी, चापाकटर मेसिन (कुटि काट्ने), भेटनरी औषधि र दूध सङ्कलन केन्द्रमा अनुदान उपलब्ध गराएको छ।

उक्त पालिकाको वडा नं. १, २, ३, ४, ५, ६ र ७ का किसाननलाई भैँसी ३५ , गोठ सुधार ४२, चापाकटर ४२ र दूध सङ्कलन केन्द्रमा एकमा अनुदान उपलब्ध गराइएको छ। चापा कटरमा रु. ३६ हजार, भैँसीमा रु. ६० हजार, गोठ सुधारमा रु. ४० देखि ६० हजार र दूध सङ्कलन केन्द्रमा रु. १२ लाख गरी जम्मा कार्यक्रमको अनुदान रु. ७० लाख र किसानको रु. ७० लाख गरी एक करोड ४० लाखमा उक्त कार्यक्रम सञ्चालन गरिएको छ।

यादव गाईभैँसी बाख्रापालन तथा कृषि फर्मका श्यामसुन्दर यादवले अनुदानबाट प्राप्त भैँसीले सहज जीवनयापनमा सहयोग पुग्ने धारणा राखे। दुई भैँसीपालन गर्ने सप्तकोसी कृषि फर्मका लाल खङ्गाले दूध सङ्कलन केन्द्र स्थापनाबाट भैँसीपालनमा सहज हुनुका साथै आगामी दिनमा आम्दानी समेत वृद्धि हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा प्रदेश नं. १ कृषि मन्त्रालयका सचिव मेघनाथ तिम्सिनाले किसानको भैँसीपालनले क्षेत्र समेटेकोमा यस स्थानमा आगामी दिनमा 'भैँसी जोन विकास' बनाउने जनाउँदै यसवाट भैँसीको सुधार घाँस उत्पादन, औषधि उपचारमा सहयोगले किसानको आर्थिक समृद्ध कायम हुने धारणा राखे। उनले यस कार्यक्रमले युवालाई स्वरोजगार हुन सहयोग पुगी वैदेशिक रोजगारीमा जाने कार्यलाई न्यून गर्नुका साथै मुलुकलाई दूध तथा मासुमा आत्मनिर्भर बनाउन मद्दत पुग्ने बताए।

कार्यक्रममा समन्वय समितिका अध्यक्ष शिवनारयण यादव, पशुपंक्षी तथा मत्स्य विकास कार्यालयका निर्देशक पशुपति ढुङ्गाना, परचुन कुसियत, वडा नं. ४ का अध्यक्ष इसराइल मन्सुर, वडा नं. २ का अध्यक्ष जुडिलाल कडरिया र भेटनरी अस्पताल इनरुवाका प्रमुख रामप्रसाद मेहताले किसानको जीवनस्तर उकास्नका आएको अनुदानलाई सदुपयोग गर्न आग्रह गरे।


**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।
सम्पर्क : ९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२७, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**छापाखाना**
क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९, अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**, बिर्तामोड-५, झापा
- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक
नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस**
**हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई**
सम्पर्क: 9808705206, 9863983668, 9807930740, 9827930240
झट्ट फोन झट्ट सेवा

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**आवश्यकता**
महिला तथा पुरुष सेक्युरिटी गार्ड
संख्या : १५ जना
सम्पर्क :
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय बिर्तामोड
फोन नं. : ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईंको समय उत्तमसिद्धी रहेको छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले राम्रो परिणाम प्राप्त हुने छ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यबसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन्, मन प्रसन्न रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मिश्रित फलको समय छ, काममा उतार-चढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो दूरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।